# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०३।२६ गते ।

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

काठमाडौं जिल्ला, साङ्ला वडा नं.९ स्थित निजी गुठीका जग्गा साविक जग्गाधनीबाट पास गर्दा मिलेमतोमा किर्ते जालसाजी गरी रैकर बनाई कित्ताकाट गरी बेचविखन गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं जिल्ला, साविक साङ्ला गा.वि.स. वडा नं ९ज कि.नं. १४९, १५४, १५५ र १५७ समेतका जग्गा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंको मिति २०३६/०८/०२।१ को टिप्पणी सदर निर्णय अनुसार साविक मौजा बालाज्यू हा.नं. २२२० नं. को चन्द्रमान, मिनमान (चन्द्र बहादुर प्रधान)को नाममा दर्ता प्रमाणित गुठी जनाई दर्ता कायम भएको मोठ श्रेस्ताको कैफियतबाट देखिएकोमा उक्त मोठ श्रेस्तामा जनिएको गुठी शब्द मेटीएको अवस्थामा रहेको भन्ने बेहोरा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारको पत्रसाथ पेस गरेको परीक्षण प्रतिवेदनबाट खुल्न आएको र उक्त जग्गाको मिति २०७५/०३/२५ मा नामसारी गर्ने क्रममा सर्विस डेस्कबाट विद्युतीय अभिलेख संसोधन मार्फत "ठे.नं.४/१२४१ अनुसार कि.नं. १४९,१५४,१५७ र १६६ मा निजी गुठी हटाइएको संसोधन" भन्ने बेहोराको कैफियतसहित पेस भएपछी एडमिनबाट निजी गुठी हटाईएको संसोधन गरी रूजू श्रेस्ता अनुसार" भन्ने कैफियतसहित स्वीकृत भई निजी गुठी संसोधन भई रैकर निजी कायम भएपछि विभिन्न मितिमा अन्य कारोबार भएको LRIMS History बाट देखिएको भन्ने बेहोरा भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौंको पत्रबाट खुल्न आएकोले निजी गुठी जग्गाको नामसारी तथा राजीनामा लिखत पारित गर्ने क्रममा निजी गुठी लोप गर्ने वदनियत राखी निजी गुठी जनिएको लिखत बेहोरालाई गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गरी हेरफेर गर्ने गराउने कार्य गरी गुठीको तथ्य लुकाई गलत लिखत तयार गरी मिति २०७५/०३/२४ र मिति २०७५/०४/१३ मा नामसारी गर्ने निर्णय गरेको देखिएको, उक्त नामसारी निर्णय पश्चात उक्त कित्ताको रैकर निजीको जग्गाधनी दर्ता प्रमाण पुर्जा प्रमाणित गरी मिति २०७५/०३/२७ मा राजीनामा लिखतसमेत पारित गरेको देखिंदा प्रतिवादीहरूको मिलेमतोमा जग्गाधनी दर्ता श्रेस्ताको कैफियतमा उल्लिखित गुठी शब्द मेटाएको र जग्गाधनी दर्ता श्रेस्ताको शिरमा उल्लिखित निजी गुठी शब्द हटाई उक्त जग्गाको नामसारी तथा राजीनामा लिखत पारित गरेको देखिएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | मालपोत कार्यालय, टोखा सरस्वतीका तत्कालीन कार्यालय प्रमुख **सुबोध कुमार खनाल** र मोठ फाँटका | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा ९ र ११ बमोजिम कैद र जरिवाना समेतको सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को |

| | | |
|---|---|---|
| | तत्कालीन नायब सुब्बा **राम प्रसाद शर्मा ढकाल** | उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेतको मागदाबी लिइएको छ। |
| २. | मालपोत कार्यालय, टोखा सरस्वतीका तत्कालीन कम्प्युटर अपरेटर **जयराम खत्री,** तत्कालीन कम्प्युटर अपरेटर **नाजोराम भगत,** तत्कालीन ना.सु. **कृष्ण प्रसाद पोखरेल,** तत्कालीन खरिदार **रूद्र प्रसाद आचार्य** र तत्कालीन कम्प्युटर अपरेटर (करार) **जानुका सापकोटा** | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | मालपोत कार्यालय, डिल्लीबजारका तत्कालीन खरिदार पदमा कार्यरत **सूर्यराज पोखरेल** | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १२ बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा १२ बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | प्रतिवादीहरु **सुरेश प्रधान, शंकरमान प्रधान, पिपल प्रधान, राम प्रधान, कपिल बहादुर प्रधान, पुरूषोत्तम प्रधान र सुरेश ढकाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ दफा ११ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मूल कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | हालका जग्गाधनी स्व. **रमा थापाको हकमा निजका श्रीमान रामहरी थापा, रोजनी महत, नारायण प्रसाद अधिकारी, हर्क नारायण श्रेष्ठ, राजु श्रेष्ठ, तुईभाई श्रेष्ठ, गिता सापकोटा, विष्णुकला श्रेष्ठ, सरोज विशुराल, राजेश श्रेष्ठ, सुनिता श्रेष्ठ र प्रेम कुमारी रिजाल** | उक्त जग्गा व्यक्तिविशेषको नाममा कायम जग्गाधनी दर्ता श्रेस्ता बदर गरी गुठी कायम गर्ने गराउने प्रयोजनका लागि मात्र प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने